ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# माध्यमिक विद्यालय तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था

हरि बहादुर थापा
thapaharibahadur142@gmail.com
जनज्ञानकुञ्ज बहुमुखी क्याम्पस, जाजरकोट
त्रिभुवन विश्वविद्यालय


## सार

*यस अध्ययन माध्यमिक विद्यालय तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्थामा तयार गरि जाजरकोट जिल्ला छेडागाड नगरपालिका अन्तर्गतका १५ वटा माध्यमिक विद्यालयमध्ये ५ वटा माध्यमिक विद्यालयलाई चिट्ठा विधिद्धारा छनोट गरी दलित विद्यार्थीहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । दलित बालबालिका र अभिभावक दुवै पढाइप्रति नकारात्मक धारणा राख्ने भएकोले गर्दा विद्यालयप्रति चासो खासै पाइदैन । छोराछोरी पढ्न गएकोले काममा बाधा भएको ठान्ने अभिभावक दीर्घकालिन फाइदाको लागि शैक्षिक लगानी गर्नुपर्दछ भन्ने कुरा बुझेका छैनन् । आफ्ना छोराछोरी पढ्ने विद्यालयमा नियमित रुपमा गएर पठनपाठनको विवरण लिने परम्परा विकसित भएको छैन । छोराछोरी पढ्न गएपछि घरको काम कसले गर्ने र केले पेट पाल्ने भन्ने प्रतिप्रश्न गर्दछन् । पढेर कति वर्षपछि पैसा कमाउने हुन्, काम गरेर मात्र पेट पालिन्छ भनेर खाली समयमा खेल्न मन पराउँछन् । यस्ता सचेतना विहिन अभिभावक र विद्यार्थी भएको स्थानमा माध्यमिक तहमा भर्नादर बढाई दलित जातिको शैक्षिक स्तर उकास्नु जटिल कार्य भएको छ । अध्ययनको क्रममा प्राप्त तथ्याङ्को विश्लेषण, विचारहरुको संकलन र प्रत्यक्ष अनुभवबाट प्राप्त तथ्यको आधारमा दलित विद्यार्थीको उपस्थितिको स्तर उल्लेख्य वृद्धि गर्न कार्यान्वयन तह, नीतिगत तह र अनुसन्धान तहमा समस्टीगत रुपमा गरीबी निवारणको लागि विषेश कार्यक्रम सञ्चालन गरिनु पर्ने हुन्छ । दलित अभिभावकलाई उत्तरदायित्व बोध सम्वन्धि तालिम प्रदान गर्नुका साथै आर्थिक स्तर उकास्ने खालका विशेष प्याकेज कार्यक्रम लागु गरिनु पर्ने देखिन्छ ।*


**मुख्य शब्द** : शैक्षिक अवस्था, प्राथमिक तह, ज्ञान, शैक्षिक, पेसा

## परिचय

मानव विकासको महत्वपूर्ण र आधारभूत पक्ष शिक्षा हो । त्यसैले यसलाई राष्ट्र विकासको मेरुदण्ड पनि भनिन्छ । शिक्षाबाट व्यक्तिले आफू लगायत परिवार, समाज, राष्ट्र सबैलाई परिवर्तन गर्ने प्रेरणा, क्षमता र ज्ञान आर्जन गर्न सक्छ । हरेक मुलुकका जनताको जीवनस्तर माथि उठाउन प्रगति, सम्बृद्धि तथा समग्र राष्ट्र विकासको निम्ति आत्मबल अभिवृद्धि गर्नुका साथै अनुशासित, श्रमशील, योग्य, समक्ष र प्रतिभावान नागरिक तयार गर्ने काम शिक्षाले गर्दछ । नेपालको शिक्षा विकासको ऐतिहासिक क्रमलाई

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

हेर्दा प्राचीन नेपालमा शिक्षा फैलाउने काम आर्यहरुको गुरुकुल र बौद्ध विहार, गुम्बाबाट भएको छ । गुरुकहाँ गई चेला ज्ञानगुणका कुरा सिक्दथे । त्यस बखत औपचारिक शिक्षाको अस्तित्व थिएन । नेपाली समाज विभिन्न जातमा विभाजित छ । यस्तो जातीय विभाजनले समाजमा विभिन्न तहहरु सिर्जना गरेको छ । यी तहरु बीच सानो र ठूलो भन्ने भावना विद्यमान छ । कतिपय सामाजिक व्यवहारदेखि लिएर विवाह समेत आफ्नै जातभित्र सिमित रहेको पाइन्छ । यहाँसम्म कि विभिन्न जातहरु बीच छुवाछुतको भावना समेत विद्यमान छ । पानी चल्ने र पानी नचल्ने भनेर नेपाली समुदायलाई विभेद गर्ने परम्पराका छाप अझसम्म पनि बाँकी नै छन् । यसरी नेपाली समाज जातप्रथाका कारण विभाजित भई तहगत श्रृंखलामा बाँडिएको छ ।

बौद्ध धर्म र ब्राह्मणवादको बीच सर्वोच्चताको लागी संघर्षको कारण ४०० ईस्वीको आसपास भारतीय समाजमा अस्पृश्यता आयो । केहि हिन्दू पुजारी अछूतसंग मित्रता बनाए र निम्न जातिको श्रेणीमा गिराए (बीआर अम्बेडकर, १९५६ द्वारा उद्धृत, पौडेल, २०७०) ।

शिक्षा मानव जीवनको आधारभुत एवम् नैसर्गिक पक्ष हो । शिक्षा राष्ट्रिय जीवनको मेरुदण्ड हो । शिक्षाबाट व्यक्ति आफुलाई र सबैलाई परिवर्तन गर्ने प्रेरणा, क्षमता र ज्ञानको आर्जन गर्न सक्छ । शैक्षिक न्याय दिलाउनु एउटा सभ्य राष्ट्रको दायित्व हो । विश्वका हाल ११.३ करोड बालबालिकाको शिक्षाको पहुँचभित्र छैनन् । ८५.५ करोड प्रौढ निरक्षर छन् । अविकसित राष्ट्रमा कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये करिव ५० प्रतिशत मात्र कक्षा ५ सम्म पुग्दछन् । शैक्षिक उपलब्धि कम हुनुमा गरिबी, अज्ञानता, अन्धविश्वास नै मुख्य कारण रहेका छन् (थापा, २०७१) ।

राष्ट्रिय दलित आयोगले जातिय अनुसुची प्रतिबेदनमा उल्लेख गरे अनुसार नेपालमा २६ जात दलित अन्तरगत पर्दछन् । दलित समुदायलाई छुवाछुतको व्यवहार गरेको पाईन्छ । कुनै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा भेदभाव गर्नु वा छुन नहुने जात भनी छुवाछुत गर्नु, बहिष्कार गर्नु, प्रतिबन्ध लगाउनु, निष्कासन गर्नु, अवहेलना गर्नु वा अन्य भेदभावजन्य कार्य गर्नु नै जातीय भेदभाव र छुवाछुत हो भनी परिभाषित गरेको पाइन्छ । पहाड, तराई र नेवार समुदायमा दलित रहेको पाइन्छ । दलित समुदायको मुख्य धर्म हिन्दु हो । वर्ण व्यवस्थाको परम्पराले गर्दा यस धर्ममा सामाजिक तवरले छुवाछुतको व्यवहार गरेको पाइन्छ (मैनाली, २०६१) ।

दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिने भनिएको छ । धारा ४० मा नै दलित समुदायको परम्परागत सीपको सन्दर्भमा आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने भनिएको छ । राज्यले दलित समुदायका

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने उल्लेख छ (नेपालको संविधान, २०७२) ।

बालबालिकाको मर्यादा सम्मानमा आघात हुने गरी विद्यालय अनुशासन लागू गर्ने कदम चालिने छैन । धारा २९ विद्यालय शिक्षाले समझदारी, शान्ति, सहिष्णुता, लिङ्ग समानता र मित्रताको भावना अनुरुप एउटा स्वतन्त्र समाजमा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकालाई तयार पार्ने । धारा ३६ मा राज्य पक्षले बालकल्याणको कुनै पनि कुराको विपरित हुने सबै किसिमका शोषणका विरुद्ध बालबालिकाको संरक्षण गर्नेछन् । धारा ३७ मा राज्य पक्षले निश्चित गर्नेछन् र कुनै पनि बालबालिकालाई यातना, अन्य कुनै क्रुरता, अमानवीय, होच्याउने खालको व्यवहार सजाय दिइने छैन । १८ वर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधका लागि मृत्यु दण्डको सजाय रिहाई पाउन नसकिने गरी आजीवन काराबासको सजाय दिइने छैन भनी बालअधिकारको व्यवस्था गरेको छ (बालअधिकार सम्बन्धी महासन्धि, १९८९) ।

विश्वको कुनै पनि समाजलाई नियालेर हेर्ने हो भने त्यहाँ अवश्य पनि विविधता र असमानता पाईन्छ । यो विश्वव्यापी व्यवस्थासँग नेपाली समाज पनि अछुत रहन सक्दैन । त्यसैले नेपाली समाजमा भाषा, धर्म, जात, जनजाति, उमेर, पेशा, आर्थिक स्थिति, योग्यता, श्रम विभाजन, शारिरिक क्षमता, आम्दानी, अधिकांश पद, वर्ग, साधनको बाँडफाड आदि विविधता एवम् विभिन्नता पाईन्छ । उदाहरणको लागि पश्चिमका देशमा अति विकसित भएका कारण आर्थिक स्थिति, पद, शिक्षा आदिलाई विविधता एवम् असमानता ल्याउने तत्व मानिन्छ । नेपाल जस्ता विकासोन्मुख देशमा जाति व्यवस्था, लिङ्ग, जनजातिय अवधारणाको आधारमा विविधता एवम् असमानता भएको पाईन्छ । विशेषगरी नेपाली समाजमा परम्परादेखि प्रचलित जाति व्यवस्थालाई नै मुख्य रुपमा विविधता र असमानता ल्याउने तत्व मानिन्छ तर अन्य तत्वको पनि महत्वपुर्ण भुमिका रहन्छ । जात धेरै अगाडीको अवधारणा हो जुन हाल अधिकांश रुपमा समाप्त भयो भन्ने कुरालाई कानुनी रुपमा लेखिएता पनि व्यवहारमा यसको प्रभाव अझै देखिन्छ । जातले कुनै पनि व्यक्तिको सामाजिक स्तर र भूमिका बारे जन्मनासाथ निश्चित गरि दिन्छ । अर्को अर्थमा जात जन्मले निर्धारण गर्ने, सांस्कृतिक रुपले भिन्न, गोत्र, वर्णको आधारमा समाजका व्यक्तिलाई सामाजिक सम्वन्ध, विवाह, खानपान आदि व्यवस्थामा विविधता र असमानता ल्याइदिन्छ । त्यस्तै कोहि समाजमा जन्मना साथ माथिल्लो जात र कोहि तल्लो जातिमा बस्नु पर्ने अवधारणा नै जातिय व्यवस्था हो (बुढा, २०७१) ।

परम्परागत शास्त्रीय साहित्यमा जातिय श्रेणिलाई ईश्वरिय रचना मान्ने पनि गरिन्छ । पुरुष परमात्मा (भगवान) का मुखबाट ब्राह्मण, हातबाट क्षेत्री, जाघ वा तिघ्राबाट बैश्य र पाउबाट शुद्रको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

जन्म भएको मानिन्छ । उनिहरुले जन्मदेखि मृत्युसम्म एउटै जातमा बस्नु पर्ने वाध्यता छ । ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र जस्ता चार जातको कर्म जन्मदादेखि नै निश्चित गरिएको हुन्थ्यो । जात व्यवस्था भएको समाजमा जात अनुसारको कर्म अवलम्वन गर्नुपर्ने मान्यता रहन्छ । समय अत्यन्त गतिशिल छ । समयसँगसगै सामाजिक व्यवस्थामा पनि परिवर्तन हुदै जान्छ । त्यस्तैगरी कतिपय व्यवस्थाले सामाजिक परिस्थितिलाई जन्माउछ भने समाजमा आएको परिवर्तनसँगै कतिपय अप्रभावकारी व्यवस्था हट्दै जान्छ । त्यस्तैगरी समाजमा जातिय व्यवस्थालाई पनि उदाहरणको रुपमा लिन सकिन्छ । आधुनिक सभ्यताको विकास भएतापनि २१ औं शताब्दीमा पनि नेपालका मध्य तथा सुदुरपश्चिम भेगमा जातिय विवेधता अनेक रुप भेटिन्छन् । त्यसैले गर्दा अनुसन्धानमा दलित छात्रछात्राको विद्यालय शिक्षामा पहुँचलाई अध्ययनको विषय बनाएको छ । हुन त विश्वमा जातको आधारमा, रंगको आधारमा भेदभाव गर्न नपाईने कानुन बनेता पनि सामाजिक अंगकै रुपमा रहेको जातिय व्यवस्थालाई पुर्ण रोक भने लगाउन सकिएको छैन । किनभने हिन्दु अतिवादिय सामाजिक संरचनाको एउटा प्रमुख आधार नै जातिय व्यवस्था हो (पौडेल, २०७०) ।

आर्थिक र समाजिक विकासले पनि शिक्षासँग सिधा सरोकार राख्छ । दलितको दयनीय आर्थिक अवस्था भएकै कारणले पनि उनीहरुको साक्षरता दर कम हुन पुगेको छ । दलित विद्यार्थीले विद्यालय छाड्नुको प्रमुख कारण विद्यालयमा गरिने विभेदजन्य व्याहार पनि हो । दलितले विद्यालयमा दुई तहको विभेद समाना गर्नु परेको छ । एउटा शिक्षकबाट भने अर्को समकक्षीहरुबाट जातीय विभेदबाट ग्रस्त मुलुकमा दलितलाई शिक्षा प्रणालीमा गरिने विभेद व्यापक समस्याका रूपमा देखिएको छ । प्राथमिक तहदेखि विश्वविद्यालयसम्म दलितले विभेदका विभिन्न रूप भोग्दै आइरहेका हुन्छ । समाजिक बहिष्करण, एक्लोपन, अपमानजनक व्यवहार, भौतिक मानहानिका कारणले गर्दा उनीहरुमा अशिक्षा र स्कुल छाड्ने दर अन्य समुदायभन्दा अत्याधिक छ । यसमा शिक्षकले विद्यार्थीलाई कुनै पनि किसिमको विभेद गर्दैनन् । बरु शिक्षक पनि आफैँ सबै विद्यार्थीसँग बसेर समूहमा खाजा खान्छन् । यसले गर्दा सबै समूहका विद्यार्थीमा उचनिचको सोच पैदा हुँदैन ।

समाज, विद्यालय र कक्षाकोठामा हुने विविधतायुक्त विद्यार्थीको अवस्थालाई समावेशी शिक्षा प्रणालीले सम्बोधन गर्छ, जसले शिक्षामा व्याप्त बहिस्करणको अवस्थालाई कम गर्छ । समावेशी कक्षामा विभिन्न समुदायका फरक-फरक पृष्ठभूमि भएका संस्कृति, जाति, अवस्था भएकाले उनीहरुको क्षमता र चुनौती पनि फरकफरक हुने गर्छ । यसमा शिक्षकले विद्यार्थीलाई कुनै पनि किसिमको विभेद गर्दैनन् । बरु शिक्षक पनि आफैँ सबै विद्यार्थीसँग बसेर समूहमा खाजा खान्छन् । यसले गर्दा सबै समूहका विद्यार्थीमा उचनिचको सोच पैदा हुँदैन । नेपालको हालको शिक्षा प्रणाली अझै पनि दलितमैत्री नभएकाले

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

धेरै दलित बीचमै पढाइ छाड्न बाध्य छन् । दलितको शैक्षिक अवस्था कमजोर हुनुका विविध कारणमध्ये उनीहरुको शिक्षाप्रतिको दृष्टिकोण र बुझाइ पनि महत्वपूर्ण छ ।

दलित र उत्पीडित जातीको उत्थान विना सम्मुनत नेपालको कल्पना गर्न सकिदैन । राज्य र सरकारले सामाजिक र आर्थिक कार्यक्रमहरू कार्यान्वयन गर्न अब पनि ढिला गर्ने हो भने मुलुकले कोल्टे फेर्न सक्दैन । जातिय भेदभावलाई पारदर्शि बहसको रूप बनाई वस्तु परक र यथार्थपरक जानकारी तथा सुचना दिन सकेमा दलित र गैरदलित समुदायमा सामञ्जस्यता र मेलमिलाप हुन गई भावनात्मक रूपमा एकाकार भई समाज अनावश्यक जातीय दम्भ र कुसंस्कारबाट मुक्त भई स्वास्थ्य समाजको निर्माणमा सहजता उत्पन्न हुन सक्छ । सन् १९२५ मा तत्कालिन बिट्रिस इण्डिया सरकारको भारतमा सामाजिक आर्थिक सुधारका लागि सुझावहरू तयार गर्ने उद्देश्यले लर्ड साईमनका अध्यक्षतामा गठित साईमन कमीसनले दलितहरूको यसरी परिभाषा गरेको छ । आर्थिक रूपले विपन्न, सामाजिक रूपले शोषित, राजनैतिक हिसाबले आवाज विनि र मनोवैज्ञानिक रूपले दलित र पानी नचल्ने मानिएको समुदाय दलित हो । रङ्ग, वर्ण, लिङ्ग र वर्गभेद जस्तै जातीभेदले दलित समुदायलाई पनि भेदभाव गरेको छ । जापानमा बुराक, ईजरायलमा कोटोगस तथा युरोप, अमेरिकामा काला जातिलाई गरिएको भेदभाव जस्तै नेपालमा दलित जातिलाई भेदभाव गरिएको छ ।

दलित बालबालिकाको शैक्षिक स्थिति खस्किदै गएको देखिएको छ । कमजोर आर्थिक अवस्था भएका दलित विद्यार्थीलाई प्रदान गरिने दलित तथा लक्षित छात्रवृत्ति एउटै कक्षामा फेल भएकालाई प्रदान नगरिनाले ऊ सोही कक्षामा शैक्षिक सामग्रीहरु किनेर पढ्न नसक्ने हुँदा विद्यालय छाड्नु परेको बाध्यात्मक स्थिति छ । विद्यालय बाहिरको समाजमा यथावतै रहेको जातीय छुवाछुतको अभ्यासले दलित बालबालिकामा मानसिक असर परेको देखिन्छ । फलस्वरुप चिनिएको उत्तीर्ण दर सानो छ भने कक्षा दोहोऱ्याउने र छाड्ने दर ठूलो रहेको देखिन्छ । अभिभावकको पेसा, शिक्षा, आर्थिक अवस्था आदिसँग बालबालिकाको शिक्षा प्रत्यक्ष रुपमा सम्बन्धित भएको देखिन्छ । राम्रो कमाउने प्रतिष्ठत पेसा भएका र शिक्षित अभिभावकका छोराछोरीको शिक्षा पनि अरु अभिभावकका छोराछोरीका तुलनामा राम्रो देखिन्छ । आर्थिक समस्या, दलित अभिभावकमा चेतनाको कमी, दलितमा परम्परागत विचार रहनु, दलित महिला निरक्षर रहनु, दलित केटाकेटीहरुमा पढ्नु पर्छ भन्ने भावना जागृत नहुनु जस्ता पक्षले दलित बालबालिकाको शैक्षिक उपलब्धीमा असर पुऱ्याएको देखिन्छ ।

यस परिप्रेक्ष्यमा दलित जातीलाई शैक्षिक मुलधारमा ल्याउन नेपाल सरकारले सञ्चालन गरेको दलित छात्रवृतिको कार्यक्रम लगाएत प्राथमिक तहसम्म निःशुल्क शिक्षा संविधान २०७२ मा व्यवस्था गरिएको छ । यसरी नेपालमा दलित जातीहरुको समस्या अझै पनि व्याप्त छ । जाजरकोट जिल्लाका

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

छेडागाड नगरपालिका १५ वटा माध्यामिक विद्यालयमध्ये ५ वटा माध्यमिक विद्यालयलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरि अध्ययन गरिएको छ ।

समाज परिवर्तन र मानव जीवनको महत्वपूर्ण पाटो भनेकै शिक्षा हो । 'विद्या विहिन पशु' भनेझै शिक्षा प्राप्त गरेको छैन भने संसार अन्धकार हुन्छ । यो मानिसको तेस्रो तथा अदृश्य आँखा हो । शिक्षा सबैका लागि सर्वसुलभ तथा समान हुनुपर्छ भन्ने सैद्धान्तिक आधार छन् तर व्यवहारमा अझै पूर्ण रुपमा लागु भइसकेको भने छैन् । परिणामतः दलित समुदाय शिक्षा प्राप्तीको अवसरबाट बन्चित हुदै आएका छन् । समाजमा गरिएको अपहेलना र पछौटेपनका कारण दलित विद्यार्थी शिक्षामा पछि परेको यथार्थता छ । सम्पूर्ण विद्यार्थीहरुलाई समय र परिवेश सुहाउदो गुणस्तरीय शिक्षाको पहुँच उपलब्ध गराउनु सरकार र राज्यको दायित्व हो ।

जाजरकोट जिल्ला अन्तर्गत पर्ने छेडागाड नगरपालिकामा केन्द्रित रहेर गरिएको यो अनुसन्धानले दलित विद्यार्थीले माध्यमिक विद्यालय तहमा शिक्षा कसरी प्राप्त गरेका छन् । उनीहरुको भर्नादर, बिचैमा कक्षा छाड्नेदर र कक्षा उत्तिर्णदर के कस्तो छ, सोको अध्ययन गरी समग्र दलितको शिक्षामा पहुच विस्तार र सबैको लागि शिक्षा भन्ने नारालाई प्रभावकारी पार्न आवश्यक सुझाव र उपाय खोज्ने प्रयास गरिएको छ । विभिन्न प्रयासबाट पनि समाधान हुन नसकिरहेका दलितका शैक्षिक समस्यालाई विश्लेषण र समाधान गर्नका लागि माध्यमिक तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था शीर्षकलाई समस्याको रुपमा अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## उद्देश्य

यस अनुसन्धानका लागि निम्नानुसारका उद्देश्य माध्यमिक तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्थाको पहिचान गर्नु, उपस्थिति न्यून हुनुका कारण र उपस्थिति बृद्धि गर्ने उपाय सुझाउनु ।

## साहित्यको पुनरावलोकन

पाउलो फ्रेरेको सशक्तीकरणको सिद्धान्त (१९६८) का अनुसार समाजका सशक्तीकरणबाट शिक्षित गरी अगाडि बढाउनु पर्छ भनेका छन् । उनले आफ्नो पेडागोजी अफ द अप्रेस्ड भन्ने पुस्तकमा तल्लो वर्ग वा दबिएकाहरूलाई सशक्तीकरण गर्दै साक्षर बनाउनु पर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार समुदायका तल्लो तहका व्यक्तिको परिवेश बुझेर शिक्षण गर्दै साक्षर बनाउनु पर्छ । शिक्षालाई बैङ्किङ पद्धति र संभ्रान्त वर्गका लागि मात्र सीमित गरिनु हुँदैन । शिक्षण प्रक्रियामा पाठ्यक्रम, सीमित विषयवस्तुमा मात्र आधारित भएमा दैनिक जीवनका समस्या, हक अधिकार प्राप्त गर्न सकिदैन । समुदायमा सशक्तीकरण प्रविधि विकासको माध्यमबाट फ्रेरेको साक्षरता पुनरुत्पादन विधि अनुसार शिक्षण सिकाइ भनेको शिक्षकले विद्यार्थीलाई शिक्षा हस्तान्तरण गर्ने होइन । समुदायका हरेक पक्ष र तहमा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

साक्षरता जनचेतना फैलाउने, सहभागीलाई साक्षर बन्न उत्प्रेरित गर्ने, समान हक, अधिकार खोज्ने र प्रयोग गर्न सिकाउने र विशेष गरेर तल्लो वर्गको विकास भएमा सम्पूर्ण समुदायको विकास हुने धारणा व्यक्त गरेका छन् (थापा, २०७९) ।

बस्नेत (२०७६), का अनुसार बादीहरुको सामाजिक साँकृतिक तथा आर्थिक अवस्था भन्ने शोधपत्रमा राकमका २६ जना व्यक्तिहरुमा गरिएको सर्वेक्षण अनुसार १८ जना (६६.६६ प्रतिशत) निरक्षर र ६ जना (२२.३४ प्रतिशत) साक्षर कक्षा ८ उत्तीर्ण २ जना (७.५ प्रतिशत) एस.एल.सी. उत्तीर्ण १ जना (३.५ प्रतिशत) र आइ.ए. भन्दा माथि कसैले पनि अध्ययन नगरेको पाइएकोले बादी जातिमा साक्षरताको अवस्था अति कमजोर रहेको छ । त्यसमा पनि उच्च शिक्षा हाँसिल गरेको व्यक्ति कोही पनि नभएबाट उनीहरुको शैक्षिक स्थिति साह्रै नाजुक देखिन्छ । बादी जातिको शैक्षिक स्तर बढाउन यस जातिका विद्यार्थीलाई पूर्ण रुपमा निःशुल्क शिक्षाको व्यवस्था गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना हुने व्यवस्था मिलाउनु पर्छ । यसको साथै विद्यालय जाने उमेर पुगेका किशोर किशोरी तथा प्रौढहरुको लागि अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्नेमा शोधकर्ताको सिफारिस रहेको छ ।

बुढा (२०७८), का अनुसार विद्यालय शिक्षामा दलित जातिको सहभागिता भन्ने शीर्षकमा गरेको अध्ययन अनुसार दलित गरिबी, चेतनाको कमी, जातीय विभेद प्रा.वि. तहमा भर्ना भएर छोड्ने गरेको समाजमा गरिने दमन, शोषण, अन्याय र अत्याचारका कारण उनीहरु शिक्षाको मूलधारमा आउन नसकेको जसका लागि सरोकारवाला पक्षको ध्यान जानु नितान्त जरुरी छ । जसका लागि चेतनाको वृद्धि गर्नुपर्ने, सकारात्मक सोचको विकास गर्नुपर्ने कुरामा मुख्य सुझाव दिएको छ । दलित समुदायका मानिसहरुको चेतनाको स्तर माथि उठाउन शिक्षाले सबैभन्दा पहिले सघाउने देखिन्छ । त्यस्तै अध्ययनका लागि छनोट गरिएको विषय प्राथमिक तहमा दलित विद्यार्थीको सहभागिता भन्ने शीर्षकको अध्ययनका लागि माध्यमिक तहमा दलित विद्यार्थीहरुको सहभागिता शीर्षकमा गरिएको अनुसन्धान शीर्षकसँग सान्दर्भिक हुने हुदा अध्ययनसँग सम्बन्धित साहित्यको रुपमा लिइएको छ ।

खनाल (२०७८), का अनुसार दलित जातिका विद्यार्थीलाई प्राथमिक शिक्षामा सहभागिता बढाई शैक्षिक उपलब्धि स्तर बढाउन प्रदान गरिएको छात्रवृत्तिको प्रभावकारिता अध्ययन सम्बन्धी उल्लेख भए बमोजिम छात्रवृत्ति कार्यक्रमले सोचे जस्तै उपलब्धि हाँसिल हुन सकेको छैन । अव्यवहारिक छात्रवृत्ति वितरण प्रणाली र न्यून छात्रवृत्ति कोटा एवम् रकमका कारण अपेक्षित उपलब्धि हाँसिल नभएको श्री खनालको अभिमत छ । छात्रवृत्ति कोटामा वृद्धि गर्नुपर्ने, रकम वृद्धि गर्नुपर्ने, शैक्षिक सत्रको सुरुमा रकम वितरण गर्नुपर्ने हुन्छ । शैक्षिक जागरण ल्याउन चेतनामूलक कार्यक्रम गर्न सुझाव दिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## विधि र प्रक्रिया

अध्ययन क्षेत्रमा गई सरोकारवाला व्यक्तिसँग प्रत्यक्ष सम्पर्क, छलफल, भेटघाट, प्रश्नावलीको प्रयोग गरी त्यसको आधारमा गुणात्मक र परिमाणात्मक विश्लेषण गरिनुका साथ व्यक्ति तथा संस्थाबाट आवश्यक तथ्याङ्क संकलन गरी मिश्रित विधिबाट विश्लेषण गरी व्याख्या गरिएको छ ।

कर्णाली प्रदेश, जाजरकोट जिल्ला, छेडागाड नगरपालिका अर्न्तगतका १५ वटा माध्यमिक विद्यालयहरुमध्ये ५ वटा माध्यमिक विद्यालयहरुलाई चिट्ठा विधिद्धारा नमूना छनोट गरिएको छ । उक्त विद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकलाई पनि चिट्ठा विधिद्धारा छनोट गरिएको छ भने वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र नगर शिक्षा प्रमुखलाई उद्देश्यमूलक छनोट विधि प्रयोग गरी अध्ययन गरिएको छ ।

यस अध्ययनसँग सम्बन्धित छनोटमा परेका जनसङ्ख्यालाई प्रश्नको माध्यमबाट विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक र शिक्षा शाखा अधिकृतलाई अनुसन्धान स्वयम् सम्बन्धित विद्यालयमा उपस्थित भई तथ्याङ्क संकलन गरिएको छ ।  यो उच्च किसिमको उद्देश्यपूर्ण कार्य हो । यस अध्ययनका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तरवार्ता लिइएको छ ।

यस अध्ययनलाई पूर्णता दिनको लागि विभिन्न तथ्याङ्कको आवश्यक पर्ने भएकाले जसलाई निम्न लिखित स्रोतबाट सङ्कलन गरिएको छ । जसमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययनकर्ता सम्बन्धित स्थानमा नै पुगेर प्रत्यक्ष प्रश्नावली भरिएको र द्वितीय स्रोतको रुपमा छनौटमा परेका विद्यालय र शिक्षा तथा समन्वय समितिबाट प्राप्त अभिलेख विवरणलाई अध्ययनमा तथ्याङ्कको द्वितीय स्रोतको रुपमा लिइएको छ ।

यस अध्ययनलाई सफल, सार्थक एवम् निष्कर्षमा पुऱ्याउन नमूना छनौटमा परेका विद्यालयमा आफै उपस्थिति भएर विद्यार्थीको भर्ना सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । नमूना छनौटमा परेका व्यक्तिहरूमा आफै उपस्थिती भएर एवम् अन्य माध्यमबाट प्रश्नावली र अन्तर्वार्ताबाट आवश्यक सूचना, बिचार एवम् दृष्टिकोण संकलन गर्ने कार्य गरिएको छ ।

यस अध्ययनमा नमुना छनौटमा पारेका विद्यालय, प्रधानाध्यापक, विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा नगर शिक्षा अधिकृतबाट अध्ययनको लागि आवश्यक तथ्याङ्क संकालन गरी सकेपछि अध्ययनको उद्देश्य अनुसार प्राप्त तथ्याङ्कलाई गुणात्मक र वर्णात्मक रुपले व्याख्या र विश्लेषण गरिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## व्याख्या र विश्लेषण

### माध्यमिक तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था

दलित छात्राको भन्दा छात्रको तुलनामा बढि देखिन्छ । जसले गर्दा छोरीलाई विद्यालय पठाउने प्रचलनमा वृद्धि भएको देखिन्छ तर पनि स्वभावतः पुरुषको भन्दा महिलाको जनसंख्या बढी भएको यस क्षेत्रमा अझै पनि सबै बालिका विद्यालयमा गएका देखिदैनन् । छात्रा बढी हुनुको कारण विद्यालयमा उपलब्ध गराइएको पौष्टिक आहार कार्यक्रम र छात्रवृतिप्रतिको आकर्षण भएको प्रधानाध्यापक तथा शिक्षकको राय छ । आर्थिक अभाव, घरमा काम गर्नुपर्ने र दलित बालबालिकाको सानै उमेरमा विवाह गर्ने प्रचलनले पनि विद्यार्थी संख्या माथिल्लो कक्षामा घट्दै गएको देखिन्छ ।

**विद्यार्थी विवरण**

प्रस्तुत अध्ययनबाट प्राप्त विद्यार्थीहरुको विरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

*माध्यमिक तहको विद्यार्थी विवरण*

| शै.स. | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | दलित प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७९ | ७६० | १०६२ | १८२२ | ३५४ | ४८३ | ८३७ | ४६.५ | ४५.४ | ४५.९ |
| २०८० | ७७४ | ९९२ | १७६६ | ३९८ | ४८० | ८७८ | ५१.४ | ४८.३ | ४९.७ |
| २०८१ | ८११ | ९७३ | १७८४ | ३९८ | ४७६ | ८७४ | ४९.० | ४८.९ | ४८.९ |

स्रोत : स्थलगत अध्ययन, २०८१

उपरोक्त तालिकाको अध्ययन गर्दा यस क्षेत्रका माध्यमिक तहमा जनसंख्याको तुलनामा दलित बालबालिकाको उपस्थिति उल्लेख्य देखिएको छैन । शैक्षिक सत्र २०७९ मा भन्दा २०८१ मा विद्यार्थी बढेको देखिएको छ । शैक्षिक सत्र २०७८ मा दलित बालबालिकाको संख्या घटेको देखिन्छ ।

**विद्यार्थी नियमितता**

विद्यालयमा नियमितताको अवस्था शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । सबै बालबालिकालाई विद्यालय आउने वातावरण सिर्जना गरी विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापमा सक्रिय रूपमा सहभागी गराई बालबालिकाको सर्वाङ्गिण विकास गराउनु पर्दछ । विद्यालयमा प्रभावकारी शिक्षण सिकाई, नियमित कक्षाकार्य, गृहकार्य, विद्यार्थीको सरसफाई तथा अन्य अतिरिक्त क्रियाकलाप, भौतिक सुबिधा, शैक्षिक सामग्रीको व्यवस्था, खेल सामग्रीको व्यवस्था, निरन्तर मूल्याङ्कन प्रणाली, शिक्षक

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

तालिमको व्यवस्था, कक्षाकोठामा बालमनोविज्ञानको प्रयोग गरी बालबालिकाको लागि विद्यालयको वातावरण सहज बनाउनु पर्दछ । विद्यालयमा प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समीतिका अध्यक्ष, विद्यालयका अभिभावक र स्थानीय बुद्धिजीविको उपस्थितिले विद्यार्थी नियमितता ध्यान दिनुपर्ने देखिन्छ ।

**विद्यार्थीको उपस्थिति दर**

प्रस्तुत अध्ययनको औचित्यपूर्तिका लागि गरिएको विद्यालयको सर्वेक्षणमा कक्षाकोठामा विद्यार्थीको उपस्थितिदर माथि रहेको पाइयो । उक्त विद्यालयका विद्यार्थी विद्यालय समय अवधिभरी विद्यालयमा नै बसी कक्षा सिकाइमा सहभागी हुने गरेको पाइयो । यसका साथै विद्यालयमा हुने अन्य क्रियाकलापमा पनि सहभागिता जनाउने गरेको पाइयो । कक्षाकोठामा छात्राभन्दा छात्रको उपस्थिति बढी रहेको देखियो । विद्यालयमा विद्यार्थीको उपस्थिति हेर्दा अन्य जातिका विद्यार्थीहरूको तुलनामा दलित बालबालिका बढी अनुपस्थित रहने गरेको पाइयो । अनुपस्थितिको सम्बन्धमा जिज्ञासा राख्दा घरको कामकाज, अशिक्षा, विविध सांस्कृतिक कार्यक्रम अथवा विवाह भोजको कार्यक्रममा काम गर्न जानुपर्ने बाध्यात्मक स्थिति, बाल मजदुरी गर्न, बाखा चराउन, माछा मार्न जाने र बालविवाहले गर्दा विद्यालयमा उपस्थिति दर कम हुने गरेको पाइयो ।

**शिक्षण सिकाई क्रियाकलापमा कम सहभागिता**

तपाईका विद्यार्थीहरु माध्यमिक विद्यालयमा कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलापमा सहभागिता कस्तो रहेको छ भनि प्रश्नावली राख्दा हाम्रो गरिबी, अशिक्षा, बेरोजगार, चेतनाको अभाव, उपयुक्त पोषणको अभावले गर्दा हाम्रा विद्यार्थीहरु विद्यालयको सिक्षण सिकाई क्रियाकलापभन्दा बाबुआमाकै पेशालाई निरन्तरता दिन चाहन्छन् भन्ने जवाफ प्राप्त भयो ।

**माध्यमिक तहमा दलित विद्यार्थीहरुको उपस्थिति न्यून हुनुका कारण**

**पढाइप्रतिको नकारात्मक धारणा**

गाउँघरमा नै पाइने सानातिना श्रमिक काम एवम् भारतका विभिन्न सहरहरुमा काम गर्न जानेहरुको भिडमा १० वर्ष मुनिका बालबालिका समेत जाने गरेको यहाँको यथार्थता पाइयो । पढाईप्रति चासो तब मात्र हुन्छ जब छात्रवृति वितरण हुने बेला र वार्षिक परीक्षा आउँछ । ५-६ वर्ष स्कुल पढाएर के पाइयो ? भन्ने अभिभावकको दुखेसो पाइन्छ भन्ने विद्यार्थी काम गरेर पैसा देखिदैन । स्कुल गइहाँले पनि कापी, कलम घरमै छोडेर जाने यात घण्टी छोडेर आउने परम्परा पनि व्यापक पाइयो । अधिकांश गैरदलित विद्यार्थीको भनाईमा दलित विद्यार्थी स्वयम् आफूलाई कमजोर ठानेर पढेर के गर्ने ? भन्ने जस्ता धारणा राख्ने गरेको बताउँछन् । दलित विद्यार्थीलाई तिमी विद्यालयमा कतिको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

नियमित हुन्छौ ? भनेर सोधेको प्रश्न र शिक्षकलाई दलित विद्यार्थी पढाइमा कतिको सक्रिय हुन्छ भनेर सोधेको प्रश्नमा निम्नानुसार उत्तर पाइयो ।

दलित विद्यार्थीको विद्यालयमा उत्साहजनक उपस्थित देखिदैन । शिक्षकको भन्दा विद्यार्थीको भनाईमा बढी नियमितता रहेको दाबी गरेकोमा विद्यालयको दैनिक हाजिरी रजिष्टर अवलोकन गर्दा शिक्षकको दावी नै सही ठहर भयो । दशौं पञ्चवर्षिय योजनाले पिछडिएका वर्गलाई विकासको मूल धारमा ल्याउने प्रतिवद्धता जाहेर गरेको भएता पनि अझैसम्म दलित पूर्ण रुपमा शिक्षा मा सक्रिय सहभागी हुन सकेका छैनन् । विद्यालयीय पढाइमा उत्साहाजनक दलित विद्यार्थी संख्या नरहनुको कारण पढाइप्रतिको नकारात्मक धारणा हुनुलाई नै मान्न सकिन्छ ।

**आर्थिक अवस्था कमजोर हुनु**

पहाडी धरातलमा अवस्थित जाजरकोट जिल्लाका हरेक क्षेत्रमा गरिबी व्याप्त रहेको छ । अध्ययन गर्दा अधिकांश दलितहरुको बस्ने घरमात्र भएको तर पर्याप्त जग्गा र आम्दानिको स्रोत नभएको पाइयो । परम्परागत पेशाले पनि विकसित रुप धारण गर्न सकेको छैन् । १४-१५ वर्षमाथिका बालबालिका चरम गरिबीका कारण श्रम बेच्न बाध्य छन् । घरका परिपक्व जवान श्रमिक काम र भरिया काममा टाढा जाने गर्दछन् । परिवार नियोजनको सही पालना नहुँदा घरमा वर्षेनी साना शिशु थपिदै जान्छन् ।

गरिबीको कारणले विद्यालय पोशाक, भर्ना शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रुपैयाँ पैसा सापटी पाउन लागि गाह्रा परेको कुरा अन्तर्वार्ताको क्रममा पाइयो । धेरै विद्यार्थी विद्यालय पोशाक नलगाएर विद्यालय आएको पनि देखियो । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिटै आर्थिक लाभ हुने कामतिर आर्कषित भई शिक्षाप्रति बेवास्ता गरेको र आर्थिक काममा आफ्ना छोराछोरीहरुलाई लगाएको अवलोकनका क्रममा देखियो । केटाकेटीहरुले घरमा काम गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थिति हुन पुगेका छन् । उसमा पनि छोरीले घरको काम धन्दामा, सघाउनु पर्दछ । दलित समाजमा पनि केटीभन्दा केटा नै धेरै स्वतन्त्र  छ । अवलोकनका क्रममा दलितको घरमा जाँदा छोराहरु स्कूल गएको र छोरी घरमा काम गरिराखेको पाइयो । जग्गा जमिन नभएका कारणले प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना बालबालिकाहरुले परिवारका ठुला सदस्यसँग काम गर्न गएको अवलोकनका क्रममा देखियो ।

**अभिभावकको पेसा**

नेपाली समुदायमा प्रायः आमाबाबुले जुन पेसा अपनायो छोराछोरीले पनि त्यसैको सिको गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका कुशे बासी दलित बालबालिकाको शिक्षामा पनि अभिभावकको पेसाले प्रभाव पारेको देखियो । बुवा आमा दिनभर ज्याला मजदुरी गर्न जाने र छोराछोरी पनि विद्यालय जान

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

छोडी उनीहरुलाई सघाउन गएको देखियो । शिक्षक र व्यापारी अभिभावक भने आफ्ना छोराछोरीको शिक्षाप्रति होसियार रहेको पाइयो । बुवाआमा भएको चेतना र राम्रो कमाइ भएका अभिभावकका छोराछोरी बढी मात्रामा विद्यालय गएको अध्ययनका क्रममा देखियो । अभिभावकको पेसाले पनि उनका बालबालिकाको शिक्षामा प्रभाव पारेको मान्न सकिन्छ । स्थलगत अवलोकनका क्रममा नमुनामा परेका १९ जना अभिभावक कृषि पेसामा संलग्न भएको पाइयो र उनीहरुको छोराछोरी पनि अभिभावकसँग खेतीपातीको काम गर्न गएको पाइयो । यसबाट नै प्रष्ट हुन्छ कि दलित विद्यार्थी विद्यालय जान छोडेर आफ्ना बुवाआमासँग कृषि कार्यमा सघाउन जान्छन् । कृषि पेसा गरेर उनीहरुलाई छोराछोरी पढाउन धौ धौ परेको पाइयो । त्यस कारण पनि दलित विद्यार्थीहरु माध्यमिक विद्यालय शिक्षामा कमै ध्यान दिने गरेको पाइयो ।

**पारिवारिक वातावरण**

अध्ययन क्षेत्रमा दलित बालबालिकाको शिक्षामा उनीहरुको पारिवारिक वातावरणले प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । परिवारमा आफ्ना दाजु वा दिदीले नपढेको वा विद्यालय छोडेको छ भने उसले पनि विना कारण विद्यालय छाड्ने संस्कृति रहेको देखियो । अर्कोतर्फ घरमा एक जना विद्यालय पढ्ने बालक छ भने उसलाई घरको अध्ययनमा सहयोग गर्ने कोही नभएको र पढ्ने उचित वातावरण समेत नभएको पाइयो । दलित समुदायमा चाडपर्व धुमधामसँग मनाउने, जाँड रक्सी खाने, विदेशीने र तास खेल्ने परम्पराले गर्दा बालबालिका पनि आफ्ना अभिभावकको सिको गर्ने र घरमा जाँड रक्सी खाएर झै झगडा हुने हुनाले उनीहरुको पढाईमा बाधा पुगेको पाइयो । अवलोकनका क्रममा दलित विद्यार्थीहरुको घरमा जाँदा आफ्ना अभिभावकसँगै उनीहरुले पनि रक्सी, चुरोट खाएको पाइयो ।

**दलित विद्यार्थीहरुको उपस्थिति बृद्धि गर्ने उपाय**

अध्ययन क्षेत्र अन्तर्गतको पिछडिएको दलित बस्तीमा दलित विद्यार्थीहरुलाई माध्यमिक तहमा अत्याधिक रुपमा उपस्थित गराउन के उपाय गर्न सकिन्छ भनेर गरेको अध्ययनमा विविध विचार व्यक्त भएका छन् । दलित आभिभावक, शिक्षक, विद्यार्थी र शिक्षा शाखा प्रमुखको अन्तर्वाता प्रश्नावली मार्फत विचार बुझ्ने प्रयास गरिएको थियो । आभिभावकको विचारमा दलितको लागि आयआर्जनको कार्यक्राम लागू गरि आर्थिक अवस्थामा वृद्धि गरिनु पर्ने हुन्छ । बालबालिकालाई निःशुल्क पोशाक, खाजा र छात्रवृतिको रकममा वृद्धि गरिनु पर्ने कुरा व्यक्त भएको थियो । तपाईको विचारमा के गरेको भए दलितका बालबालिकाको विद्यालयमा उपस्थिति बढ्ने थियो ? भनेर सोधेको प्रश्नमा आभिभावकले दलित भन्नु हुन्छ । "हामीले बिहान बेलुकाको छाक टर्न ता अर्काको काम गर्नुपर्छ त्यो भएर सरकारले छात्रवृति रकाम बढाई दिए । वर्षको एक जोड भए पनि विद्यालय पोशाक दिने र हामी जस्ता गरिबलाई केही पैसा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कमाउने ठाउ देखाइ दिएको भए दलितका छोराछोरीको विद्यालयमा जाने संख्या बढ्ने थियो जस्तो लाग्छ ।" यस्तै प्रश्न गर्दा दलित छात्रा चन्द्रा वि.क.भन्छिन् छात्रवृति रकममा वृद्धि निःशुल्क पोशाक र आकर्षण गर्ने कार्यक्रम सञ्चालन गरिए दलित बालबालिकाहरु विद्यालयमा बढ्ने थिए ।

**आभिभावकको आर्थिक अवस्था सुधार्नु पर्ने**

न्यूनतम मानविय आवश्यकता परिपूर्ति विना अन्य आवश्यकता गौण रहने अब्राहम मास्लोको आवश्यकता श्रृङ्खला सम्बन्धी धारणा यहाँ पनि लागू भएको छ । अध्ययन क्षेत्र अन्तगर्तका गाउँमा रहेका दलित बालबालिका घरायसी आर्थिक अभावका कारण शिक्षाको आवश्यकता तर्फ केन्द्रित नै छैनन् । यो समस्या सुल्झ्याउन नसके दलित विद्यार्थी संख्या बढ्न नसक्ने धारणा शिक्षक, विद्यार्थी, अभिभावक सबैको पाइन्छ । यसको लागि वित्तिय उत्प्रेरणा र छात्रवासको समस्या टार्ने आयहरु प्रदान गरिनु जरुरी देखिएको सबैको साझा धारणा पाइयो ।

**शिक्षित दलितलाई रोजगारी दिनुपर्ने**

वर्षौ पढेर पनि जागिर नपाएपछि शिक्षित दलितमा पनि खिन्नता र पढाइप्रति नकारात्मक धारणा पैदा हुन थाल्दछ । अन्य लेखपढ नगरेका अभिभावकले पनि पढाइभन्दा श्रममा नै फइदा देख्दछन् । साना बालबालिकालाई पढाईभन्दा घरका सामान्य काम र श्रम बेच्ने काममा लगाउदछन् । सामाजिक उत्प्रेरणा र हौसला बृद्धि गर्न नमूना बनेर रोजगार दलितले सामाजिक परिचालक बन्न सक्दछन् । सर्टिफिकेटको मात्र भर नभई उच्च अङ्क र व्यवहारीक ज्ञानको आधारमा शिक्षित दलितलाई उचित र सम्मानित रोजगारी प्रदान गर्नु जरुरी छ । सुखी, सम्पन्न जीवन, सम्मानित सामाजिक प्रतिष्ठा र रोजगार प्राप्तिको लागि समेत सानै उमेरदेखि छोराछोरी पढाउनु पर्नेमा जागरण सृजना हुन्छ । दलितलाई रोजगारी दिनुपर्ने सम्वन्धमा अभिभावक, शिक्षक, विद्यार्थी र शिक्षा कार्यालयका व्यक्तित्वको विचार पाइयो ।

**अभिभावकलाई चेतना दिनुपर्ने**

मदिरा सेवन गरेर राति अबेर घर आउने अभिभावकले छोराछोरीको पढाईमा पटक्कै ध्यान दिएका हुदैनन् । अध्ययनका क्रममा घरमा पुग्दा कतिपय अभिभावकलाई शिक्षा, चेतना प्रदान गरेमा माध्यमिक तहमा दलित विद्यार्थी संलग्नता बढ्ने देखिन्छ । यस कुरामा अभिभावक ८३ प्रतिशत र अन्य सकै शतप्रतिशत नै सहमत देखिन्छ र सचेत अभिभावक विना शिक्षाको प्रमुख लगानी विद्यार्थी विद्यालयसम्म आउन सक्दैनन् । पाउलो फ्रेरेको पिछडिएका अभिभावक चेतनशील भएमा मात्र बालबालिकाको शिक्षामा लगानी गर्दछ भने जस्तै यस अध्ययन क्षेत्रका आभिभावकमा पनि चेतना वृद्धि गरिएमा विद्यालयमा दलित बालबालिकाको संख्यामा वृद्धि हुने देखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## निष्कर्ष

दलित जनसंख्या र माध्यमिक तहका उमेर समूह ६-१० वर्षका बालबालिकाको संख्या प्रचुर भएतापनि धेरै विद्यार्थी विद्यालय बाहिरै रहेको पाइन्छ । भर्ना भएका विद्यार्थीहरु पनि कक्षा दोहोऱ्याउने र छाड्ने बढी भएको पाइन्छ । विद्यालयमा नियमित उपस्थिति भएको पाइदैन । जम्मा विद्यार्थीको ३६.२१ प्रतिशत विद्यार्थी दलित समुदायकै भएता पनि कक्षामा उपस्थिति भने कम रहेको पाइन्छ । विद्यालय जानुपर्ने भन्ने कुराको महत्व रहेको पाइदैन । अध्ययनको क्रममा फेला परेका तथ्य र अवलोकनको आधारमा ३ प्रकारका कारणहरु चेतनाको कमी, आर्थिक, सामाजिक कारण र द्वन्द्व रहेको छ । दलित बालबालिका र अभिभावक दुवै पढाइप्रति नकारात्मक धारणा राख्ने भएकोले गर्दा विद्यालयप्रति चासो खासै पाइदैन । छोराछोरी पढ्न गएकोले काममा बाधा भएको ठान्ने अभिभावक दीर्घकालिन फाइदाको लागि शैक्षिक लगानी गर्नुपर्दछ भन्ने कुरा बुझेका छैनन् । आफ्ना छोराछोरी पढ्ने विद्यालयमा नियमित रुपमा गएर पठनपाठनको विवरण लिने परम्परा विकसित भएको छैन । छोराछोरी पढ्न गएपछि घरको काम कसले गर्ने ? र केले पेट पाल्ने ? भन्ने प्रतिप्रश्न गर्दछन् । पढेर कति वर्षपछि पैसा कमाउने हुन्, काम गरेर मात्र पेट पालिन्छ भनेर खाली समयमा खेल्न मन पराउँछन् । यस्ता सचेतना विहिन अभिभावक र विद्यार्थी भएको स्थानमा माध्यमिक तहमा भर्नादर बढाई दलित जातिको शैक्षिक स्तर उकास्नु जटिल कार्य भएको छ ।

देशभर विभिन्न समस्याको कारण बनेको द्वन्द्वको चपेटाबाट शिक्षा क्षेत्र समेत अछुतो रहेको छैन । विद्यालय हाताभित्रै हुने विभत्स घटना र त्रासका कारण बालबालिकाका विद्यालय जान हिचकिचाउँछन् । शतप्रतिशत शिक्षा कार्यालयका कर्मचारी, ५० प्रतिशत शिक्षक, ८५ प्रतिशत अभिभावक र ५० प्रतिशत विद्यार्थीका अनुसार गरिबी एक प्रमुख कारक बन्नाले माध्यमिक तहमा दलित बालबालिकाको संख्या न्यून हुन गएको भन्ने पाइयो । दलितका लागि भनेर विद्रोही पक्षले विशेष कार्यक्रमको नाममा राजनैतिक क्रियाकलापमा बढी सक्रिय राख्ने र राज्य पक्षले विद्रोहीको समर्थक ठानेर गरिने कारवाही यी दुवैको शिकार बनेका छन् दलित जनताहरु अर्कोतिर, बारम्बार आव्हान् गरिने बन्दका कारण समेत विद्यालयमा पढाई हुदैन भन्ने धारणाको विकास भएको छ । जबसमम शिक्षकले भयमुक्त वातावरणमा पढाउने र विद्यार्थी निवार्ध रुपमा विद्यालय आउने जाने गर्न पाउँदैनन् तबसम्म विद्यालय दरबन्दी भएपनि शिक्षक विहिन र कक्षाकोठा विद्यार्थी बिहिन बन्ने अवस्था रहिरन्छ । अभिभावक, विद्यार्थी र शिक्षकलाई उचित शान्तिपूर्ण वातावरणमा कर्तव्यनिष्ठ शिक्षा शाखा प्रमुखले कक्षा अवलोकन र सचेतना कार्यक्रम अघि बढाउन सकेमा विद्यालयमा दलित विद्यार्थीको संख्या बढाउन सकिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रमुख समस्याको रुपमा गरिवी रहेको दलित समुदायमा सामाजिक पछौटेपन पनि व्यापक रहेको पाइयो । शिक्षाप्रतिको नकारात्मक धारणा र चेतनाको अभावका कारण विद्यालय प्रति उल्लेख्य चासो राखेको पाइदैन । दलित छात्रछात्रालाई केन्द्रित गरेर शिक्षा क्षेत्रमा छात्रवृति लगायतका कार्यक्रम संचालन गरिएका भए पनि उक्त जातिका बालबालिकालाई शिक्षामा पहुँच उल्लेख्य रुपमा पुग्न सकेको पाइएन् ।

## सन्दर्भ सूची


किसान, यमबहादुर (२०५८), *नेपालमा दलित जातिय मुक्ति आन्दोलन,* काठमाण्डौ : जनउत्थान प्रतिष्ठान ।

खनाल, हरिप्रसाद (२०७८), *दलित जातिका विद्यार्थीहरुलाई प्राथमिक शिक्षामा बढाउन र शैक्षिक उपलब्धि स्तर बढाउन प्रदान गरिएको छात्रवृतिको प्रभावकारिताको अध्ययन,* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

नेपाल अधिराज्यको संविधान (२०४७), काठमाडौं : कानून अन्वेषण तथा परामर्श प्रतिष्ठान ।

नेपालको संविधान (२०७२), काठमाडौं : कानून अन्वेषण तथा परामर्श प्रतिष्ठान ।

पौडेल, पार्वती (२०७०), *माध्यमिक तहमा दलित विद्यार्थीहरुको सहभागिता,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

बस्नेत, ललितकुमार (२०७६), *बादीहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

बुढा हिमकुमारी, (२०७१), *दलित विद्यार्थीहरुको सहभागिता,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

बुढा, भिमबहादुर (२०७८), *विद्यालय तहमा दलित जातिको सहभागिता,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

मल्ल, पंखबहादुर (२०७५),*माध्यमिक तह कक्षा (११-१२) का दलित विद्यार्थीहरूको शैक्षिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाठ्यक्रम तथा गणित शिक्षा शिक्षण समिति, म.प.वि., सुर्खेत ।

मैनाली, शिव (२०६१), दलितहरूको शैक्षिक अवस्था एक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाठ्यक्रम तथा मूल्यांकन, केन्द्रिय विभाग, कीर्तिपुर ।